# बुढीगङ्गा नगरपालिका निर्वाचन-२०७९ पर्यवेक्षण प्रतिवेदन

स्थानीय तह निर्वाचन २०७९ अन्तर्गत देशका सबै जिल्लामा मतदान सम्पन्न भएर नतिजा आइसकेको छ। सबैजसो स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले कार्यभार ग्रहण गरी बजेट समेत ल्याइसकिएको छ। वैशाख ३० गते मतदान सम्पन्न भएपनि मतगणना नभइ स्थगित गरिएको बाजुराको बुढीगङ्गा नगरपालिकामा २०७९ असार २३ गते पुनः मतदान सम्पन्न गरिएको छ।

वैशाख ३० गतेको निर्वाचनमा कांग्रेस प्रभावशाली रहेको वडा नं ४ र ७ मा कांग्रेस कार्यकर्ताले बुथ कब्जा गरेको आरोप थियो। वडा नम्बर २, ३, ५ र ९ मा एमालेका कार्यकर्ताले आफ्नो नियन्त्रणमा लिएर मतदान गरेको आरोप थियो। नगरपालिकाका २, ३, ४, ५, ७ र ९ नं वडाका मतदानस्थलमा झडप, उम्मेदवारमाथि कुटपिट र मतदाता लखेटिने घटना मतदानकै समयमा भएपनि गम्भीरतापूर्वक लिइएन। नेपाली कांग्रेसले नियन्त्रणमा लिएर मतदान गरेको आरोप लागेको वडा नं ४ को थुमा मावि मतदानस्थलमा १ हजार ७ सय ९ मतदाता छन्। त्यसमध्ये १ हजार ६ सय ९९ मत खसाइएको थियो। थुमा मतदान केन्द्रमा जस्तै एमालेले नियन्त्रणमा लिएको भनिएको वडा नं ९ को त्रिशक्ति मावि मतदान केन्द्रमा १ हजार ४ सय ८३ मतदाता सङ्ख्या छ। वैशाख ३० को निर्वाचनमा १ हजार ३ सय ४७ मत खसेको थियो। यहाँ ९० दशमलव ८२ प्रतिशत खसालिएको थियो।

| क्रसं | वडा नं | मतदानस्थल | मतदाता सङ्ख्या | खसेको मत |
|---|---|---|---|---|
| १ | १ | धुराल्सैन मावि, डुँग्री 'क' | ६४४ | ४०२ |
| २ | १ | धुराल्सैन मावि, डुँग्री 'ख' | ६८२ | ४२९ |
| ३ | २ | उपस्वास्थ्यचौकी ब्रह्मातोला 'क' | ७०० | ५७३ |
| ४ | २ | उपस्वास्थ्यचौकी ब्रह्मातोला 'ख' | ७४३ | ५४६ |
| ५ | ३ | साविक गाविस भवन 'क' | ६४४ | ३७६ |
| ६ | ३ | साविक गाविस भवन 'ख' | ६७६ | ३९१ |
| ७ | ४ | थुमा मावि 'क' | ८४० | ५८१ |
| ८ | ४ | थुमा मावि 'ख' | ८६९ | ६२९ |
| ९ | ५ | भानुदय मावि, नौविस 'क' | ५६० | ४०६ |
| १० | ५ | भानुदय मावि, नौविस 'ख' | ५८२ | ४१२ |
| ११ | ६ | तल्लो सारेदेउ हुलाक कार्यालय 'क' | ५३२ | ३७९ |
| १२ | ६ | तल्लो सारेदेउ हुलाक कार्यालय 'ख' | ५६० | ४११ |
| १३ | ७ | शारदा मावि, वडेलीचौर 'क' | ६४४ | ४३६ |
| १४ | ७ | शारदा मावि, वडेलीचौर 'ख' | ६६३ | ४४५ |
| १५ | ८ | गिरीखेल्ने आवि, गिरीखेल्ने | १०५९ | ७०० |
| १६ | ९ | त्रिशक्ति मावि, तल्ला 'क' | ७२८ | ४५९ |
| १७ | ९ | त्रिशक्ति मावि, तल्ला 'ख' | ७५५ | ४४४ |
| १८ | १० | सिंगडा मावि, सिंगडा 'क' | ८६८ | ५६२ |
| १९ | १० | सिंगडा मावि, सिंगडा 'ख' | ९१० | ५४७ |
| **२०** | **जम्मा** | | **१३,६५९** | **९,१२८** |

दुई ठूला दलका आरोप प्रत्यारोप र बुथ कब्जाका कारण विवादित बनेको बुढीगङ्गामा पुनः निर्वाचन गर्ने निर्वाचन आयोगको निर्णय अनुसार २०७९ असार २३ गते पुनः निर्वाचन सम्पन्न भएको हो। असार २३ गते भएको निर्वाचनमा इन्सेकका चार जना पर्यवेक्षकले निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त गरी मतदानस्थलको अनुगमन गरेका छन्। आजको निर्वाचन सामान्य वादविवाद बाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ। आज भएको मतदानमा ६६.८३ प्रतिशत मत खसेको छ। कूल १३,६५९ मतदातामा ९,१२८ मत खसेको हो।

## आजको निर्वाचनमा जे देखियो

- सुरक्षा व्यवस्था निकै कडा पारेको पाइयो ।
- बुढीगङ्गा नगरपालिका-९ स्थित त्रिशक्ति मावि मतदानस्थालमा समान्य विवाद हुँदा नौ राउण्ड हवाइ फायर गरी अवस्थालाई सामान्यीकरण गरेको पाइयो ।
- त्रिशक्ति मावि मतदान केन्द्रमा नेकपा एमाले र गठबन्धनका उम्मेदवारबिच दोहोरो झडप हुँदा ३५ मिनेट मतदान रोकिएको थियो ।
- दोहोरो झडपमा गठबन्धनका उम्मेदवार भरत थापा र मतदाता सीता थापालाई सामान्य चोट लागेको पाइयो ।
- चोट लागेका दुवै जनालाई स्थानीय मतदान केन्द्रमा रहेका स्वाथ्यकर्मीको टोलीले सामान्य उचार गरेको पाइयो ।
- मतदान केन्द्रहरू अपाङ्गतामैत्री नभएको पाइयो ।
- मतदाता शिक्षाको अभावमा मतदान कार्य गर्न सहज नभएको मतदाताहरूको प्रतिक्रिया पाएका कारण मतदाता शिक्षामा निर्वाचन आयोगले विशेष ध्यान दिनुपर्ने देखियो ।
- मतदानस्थलमा स्वास्थ्यकर्मीहरूको टोली परिचालन गरेको पाइयो ।
- नगरपालिकाको चारैतिरका नाकाहरू मध्यरातबाट सील गर्दा आज बिहान नाकामा आइपुगेका मतदाता प्रवेश गर्न असहज भएको पाइयो ।

| बुढीगङ्गा नगरपालिका निर्वाचन, २०७९, पर्यवेक्षक | | |
|---|---|---|
| पदमबहादुर सिंह | बुढीगङ्गा नगरपालिका १० | ९८५८४९०२३४ |
| लक्ष्मीराज पाध्याय | बुढीगङ्गा नगरपालिका ६ | ९८४८५२३७४३ |
| प्रकाशबहादुर सिंह | बुढीगङ्गा नगरपालिका ७ | ९८४८५१३१३४ |
| मदन बिक | बुढीगङ्गा नगरपालिका ३ | ९८४८५२३५४० |

## निष्कर्ष

निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउनु सरकार र सरोकारवालाको कर्तव्य हो । निर्वाचनलाई मर्यादित बनाउन मतदाता सचेत र सक्रिय हुनु जरूरी छ । एउटा स्थानीय तहमा मात्रै मतदानको कार्यक्रम हुँदा मुलुकको ध्यान बुढीगङ्गामा मात्रै केन्द्रीत छ। निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सक्यो भने मात्रै निर्वाचनको महत्व बढ्छ। एकपटक निर्वाचनको निश्पक्षतामाथि प्रश्न उठिसकेपछि अर्कोपटक त्यस्तै खालका घटना नदोहोरिउन् भन्नेतर्फ सरोकारवालाको ध्यान केन्द्रीत भएको पाइयो ।

यसै वर्ष हुने प्रदेश र सङ्घीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व बोकेको निर्वाचन आयोगले यो र यसअघि सम्पन्न निर्वाचनबाट पाठ सिकेर कार्ययोजना बनाउनु बुद्धिमानी मानिनेछ । सरोकारवालाबाट भएका कमजोरीलाई आत्मसात गरी सच्याउने र आगामी दिनमा कमजोरी रहित निर्वाचन गर्ने वातावरण बनाउनु सरकार र सरोकारवालाको दायित्व हो । निर्वाचनलाई डिजिटल प्रविधिसँग जोड्ने गरी अहिलेबाट नै तयारी गर्न सके निर्वाचनमा हुने अनियमितताको पनि नियन्त्रण हुन्छ भने नतिजा पनि यथा समयमा आउँछ ।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np, वेबसाइट: www.insec.org.np, www.inseconline.org